चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम
पत्र संख्या (क.प्र. शाखा)- ०७९।०८०
च.नं.
१ नं. प्रदेश, नेपाल
फोन नं. : ०२७-६९१४९४

**प्रथम पटक प्रकाशित मिति २०७९।०४।०३**

यस चुलाचुली गाउँपालिकाको कार्यालय, इलामका लागि आर्थिक वर्ष २०७९।०८० का निमित्त आवश्यक रहेको तपशीलअनुसारको सरसामानहरु तथा सेवाहरु उपलब्ध गराउन ईच्छुक व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकहरुलाई कार्यालयमा सूचीकृत हुनका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार (Standing List) सूचीदर्ताको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपशील:</u>

१. कार्यालयको लागि आवश्यक मसलन्दका सामानहरु आपूर्ति गर्ने ।
२. फर्निचर, फिक्चर्स तथा फर्निसिङसँग सम्बन्धीत सामग्रीहरु सप्लाई तथा मर्मत गर्ने ।
३. प्रोजेक्टर, टोनर, कार्टेज, प्रिन्टर, कम्प्युटर, फ्याक्स मेसिन तथा यू.पि.एस. सप्लाई तथा मर्मत गर्ने ।
४. विद्युतीय सामानहरु, इलेक्ट्रोनिक्स पार्टसपुर्जाहरु सप्लाई तथा मर्मत गर्ने ।
५. हार्डवेयर सम्बन्धी सम्पूर्ण सामग्रीहरु सप्लाई गर्ने ।
६. सरसफाई सम्बन्धी सामग्रीहरु सप्लाई गर्ने ।
७. वेभसाईट, इन्टरनेट तथा सफ्टवेयर निर्माण तथा मर्मत सेवा ।
८. रेनकोट, व्याग, छाता, क्यामरा आदिको आपूर्ति ।
९. कृषी तथा पशुजन्य सामाग्रीहरु आपूर्ति गर्ने ।
१०. विभिन्न किसिमका परामर्श सेवासम्बन्धी कार्यहरु गर्ने ।
११. निर्माण कार्य गर्ने आदि ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
४/०३

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. फर्म तथा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि
२. भ्याट, प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. आवश्यक्ताअनुसारको व्यवसायिक इजाजतपत्र

**अन्य जानकारीहरु:**

१. आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कारवाही हुने छैन ।
२. सूचीकृत भएका बिक्रेताहरुको फर्म, संस्था वा कम्पनीबाट कार्यलयको आवश्यकता अनुसार सामान वा सेवा खरिद गर्न सकिने छ ।
३. सूचिकृत भएका कम्पनी तथा फर्महरुले सन्तोषजनक सेवा तथा सामान सप्लाई नगरेको अवस्थामा सूचीकृतबाट हटाउन सकिनेछ ।
४. प्राप्त निवेदन स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
५. यस सूचना अनुसार दर्ता भएका सूची आ.व. २०७९।०८० को लागि मात्र मान्य हुनेछ ।

Website: www. chulachulimun.gov.np Email :chulachuli.ruralmunicipality@gmail.com

*"कृषि पर्यटन र पूर्वधारमा उन्नति, चुलाचुली गाउँपालिकाको समुन्नति"*

CamScanner